मिति :- २०८१/०४/२८ गते
समय :- मध्यान्ह ठीक १२:०० बजेदेखि
स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको ३६ औं बैठक नगर प्रमुख श्री पुष्प वादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरवहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालवहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमवहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश वोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरवहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलवहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |

अन्य उपस्थिति
देव बहादुर बटाला - प्रशासन सहायक

मिति २०८१/०४/२८ गतेको नगर कार्यपालिकाको ३६ औं बैठकमा पेस भएका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव । | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने । | |
| २ | खरिद कार्यको दररेट स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को दररेट स्वीकृत गरी कार्यान्वयन गर्ने । | |
| ३ | भुक्तानी दिन बाँकी आयोजनाको रकम भुक्तानी दिने सम्बन्धी प्रस्ताव | साथै बजेटको स्रोत अनुमान गरेबमोजिम समयमै रकम प्राप्त नहुँदा भुक्तानी हुन बाँकी अनुसूची-१ बमोजिमका आयोजनाहरूको बिल भरपाइसहितका आवश्यक कागजातका आधारमा भुक्तानी गर्ने | |
| ४ | नगरपालिका गान र प्रतीक चिन्ह छनोट समिति गठन सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको आफ्नै पहिचान झल्कने नगर गान र प्रतीक चिन्ह लोगो निर्माण गर्न प्रतिस्पर्धा आह्वान गरिएकोमा रितपूर्वक पेस हुन आएका नगर गान र प्रतीक चिन्ह लोगो छनोटका लागि छनोट तथा सिफारिस समिति गठन गर्ने । | |
| ५ | अध्ययन बिदाको पूर्व स्वीकृतिको सिफारिस सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत अधिकृत छैठौं गणेश बुढा मगर (क.स.नं. १९७०५२) ले यस कार्यालयमा मिति २०८१ श्रावण २१ गते Bachelors in Veterinary Science and Animal Husbandry विषय अध्ययन बिदाको पूर्व स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, सुर्खेतमा सिफारिस गर्ने । | |
| ६ | वर्षाका कारण अवरुद्ध मुख्य सडक सुचारु गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका क्षेत्रभित्र वर्षा भइ बाढी, पहिरोका कारण अवरुद्ध सडकहरू सम्बन्धित वडा कार्यालयको सक्रियता र नगर कार्यपालिकाको कार्यालयसँगको सहकार्यमा यथाशीघ्र मर्मत सम्भार गरी सञ्चालनमा ल्याउने र सहज आवागमनको व्यवस्था मिलाउने । | |
| ७ | छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव | छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने । | |
| ८ | बोलपत्र आह्वान गरी बचत भएको रकम कार्यान्वयन सम्बन्धी प्रस्ताव | आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत नीति तथा कार्यक्रमको बुँदा नं. ५९ बमोजिम बचत हुन गएको रकमबाट पुन: बोलपत्र / खरिद कार्य गर्ने । | |
| ९ | विविध समसायिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापक र प्रहरी कार्यालयहरूलाई इन्धन सुविधा उपलब्ध गराउने । | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प चौधरी
नगर प्रमुख

## मिति २०८१/०४/२८ गतेको ३६ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू

**निर्णय नं. १ :** प्रस्ताव नं. १ **'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो । साथै यस अधिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २ :** प्रस्ताव नं. २ **खरिद कार्यको दररेट स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्ने प्रावधानबमोजिम यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को दररेट स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ **'भुक्तानी दिन बाँकी आयोजनाको रकम भुक्तानी दिने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०८०/०८१ मा यस चौरजहारी नगरपालिका रुकुम (पश्चिम) ले सञ्चालन गरेका आयोजनाहरूको स्रोत अनुमानबमोजिम वास्तविक आय प्राप्त नहुनुका साथै बजेटको स्रोत अनुमान गरेबमोजिम समयमै रकम प्राप्त नहुँदा भुक्तानी हुन बाँकी **अनुसूची-१** बमोजिमका आयोजनाहरूको बिल भरपाइसहितका आवश्यक कागजातका आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ **'पालिका गान र प्रतीक चिन्ह छनोट समिति गठन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगर कार्यपालिकाको मिति २०८१ असार ६ गतेको निर्णय र २०८१ असार ११ गतेको सूचनाबमोजिम यस चौरजहारी नगरपालिकाको आफ्नै पहिचान झल्कने नगर गान र प्रतीक चिन्ह लोगो निर्माण गर्न प्रतिस्पर्धा आह्वान गरिएकोमा रितपूर्वक पेस हुन आएका नगर गान र प्रतीक चिन्ह लोगो छनोटका लागि तपसिलबमोजिमको छनोट तथा सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

श्री देवबहादुर शाही – उप प्राध्यापक - शीतल क्याम्पस चौरजहारी - संयोजक
श्री लालबहादुर ओली – शिक्षक - हिमाल मावि खोलागाउँ – सदस्य
श्री शेरबहादुर के.सी. – शिक्षक – शीतल माध्यमिक विद्यालय चौरजहारी – सदस्य

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ **'अध्ययन बिदाको पूर्व स्वीकृति सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत अधिकृत छैठौं गणेश बुढा मगर (क.स.नं. १९७०५२) ले यस कार्यालयमा मिति २०८१ श्रावण २१ गते Bachelors in Veterinary Science and Animal Husbandry विषय अध्ययन बिदाको पूर्व स्वीकृतिका लागि माग गरेबमोजिम निजामती सेवा नियमावली, २०५० को नियम १२७ (क) मा अध्ययन बिदाका लागि पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था रहेको र

नि. प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

CamScanner

त्यसका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ६७० मिति २०८० जेठ १८ गतेको परिपत्रमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीको हकमा सम्बन्धित स्थानीय कार्यपालिकाको सिफारिसमा अध्ययन बिदाको पूर्व स्वीकृति लिन सकिने उल्लेख भएबमोजिम निजलाई अध्ययन बिदा पूर्व स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, सुर्खेतमा सिफारिस गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ६</u> : प्रस्ताव नं. ६ **'वर्षाका कारण अवरुद्ध मुख्य सडक सुचारु गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका क्षेत्रभित्र वर्षा भइ बाढी, पहिरोका कारण अवरुद्ध सडकहरू सम्बन्धित वडा कार्यालयको सक्रियता र नगर कार्यपालिकाको कार्यालयसँगको सहकार्यमा यथाशीघ्र मर्मत सम्भार गरी सञ्चालनमा ल्याउने र सहज आवागमनको व्यवस्था मिलाउने निर्णय गरियो।

<u>निर्णय नं. ७</u> : प्रस्ताव नं. ७ **'छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाले प्रदान गर्ने विद्यार्थी छात्रवृत्तिलाई एकीकृत रुपमा व्यवस्थित, पारदर्शी र प्रभावकारी ढङ्गबाट लक्षित वर्गसम्म पुऱ्याउँने व्यवस्था गर्न चौरजहारी नगरपालिकाको छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ को मस्यौदामा दफावार छलफल गरी स्वीकृत गरियो साथै उक्त कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ८</u> : प्रस्ताव नं. ८ **'बोलपत्र आह्वान गरी बचत भएको रकम कार्यान्वनय सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका क्षेत्रभित्रको सडक, खानेपानी र भवन निर्माण लगायतका पूर्वाधारको अवस्थाले नगरपालिका क्षेत्र विकासमा पछाडि परेको हुँदा सडक, खानेपानी र अन्य पूर्वाधारमा समेत स्तर उठाउन चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत नीति तथा कार्यक्रमको बुँदा नं. ५९ बमोजिम बोलपत्र आह्वान गरी बचत हुन गएको रकमबाट पुन:बोलपत्र / खरिद कार्य गरी बजेटको अधिक सदुपयोग हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ९</u>: प्रस्ताव नं. ९ **'विविध समसायिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको कार्य सञ्चालन निर्देशिका र कर्णाली प्रदेश सरकारको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउँने सुविधा ऐन र निर्देशिका बमोजिम र चौरजहारी नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूलाई मासिक १० लिटरका साथै शान्ति सुरक्षा प्रदान गर्न खटिने इलाका प्रहरी कार्यालय चौरजहारीलाई मासिक १ सय लिटर, सर्केना प्रहरी चौकीलाई मासिक १० लिटर र नुवाकोट प्रहरी चौकीहरूलाई मासिक ५ लिटर इन्धन सुविधा प्रदान गर्ने निर्णय गरियो।

**यसरी आजको बैठक शान्त र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।**

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

अनुसूची - १

(निर्णय नं. ३ सँग सम्बन्धित)

भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी २०८०/०८१

| दायित्व सृजना भएको मिति | खर्च उपशीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बांकी रकम | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|---|
| १ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| 2081-03-24 | 80659402001 | पदाधिकारी सेवा सुविधा गत आ.व को दायित्व समेत | 2080 चैत्र 2081 असारसम्मको भुक्तानी बाँकि | 73 जना पदाधिकारीहरु | 3154000 | राजश्व बाँडफाटको रकम नआएको |
| 2081-03-24 | 80659402001 नगरपालिका चालु | इन्धन कार्यालय प्रयोजन | कार्यालय इन्धन प्रयोजन खर्च | भाग्यलक्ष्मी आयल स्टोर | 494649 | राजश्व बाँडफाटको रकम नआएको |
| 2081-03-24 | 80659402001 नगरपालिका चालु | घरभाडा | नुवाकोट स्वास्थ्य चौकी वडा नं.14 | राजन ओली | 36000 | राजश्व बाँडफाटको रकम नआएको |
| 2081-03-24 | 80659402001 नगरपालिका चालु | सवारी साधन मर्मत | एस्काभेट मर्मत | मोहन दलामी | 5800 | राजश्व बाँडफाटको रकम नआएको |
| 2081-03-24 | 80659402001 नगरपालिका चालु | सवारी साधन मर्मत | भ्याकुलोडर मर्मत | दुगर्ड अर्थमुर्भस प्रा.लि | 149556 | राजश्व बाँडफाटको रकम नआएको |
| 2081-03-24 | 80659402001 नगरपालिका चालु | सवारी साधन मर्मत | स्कारपियो मर्मत | गनापुर अटो वर्क्स प्रा.लि. | 156929 | राजश्व बाँडफाटको रकम नआएको |

... डकाल
... प्रशासकीय अधिकृत

... दादा

| दायित्व सृजना भएको मिति | खर्च उपशीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|---|
| १ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| 2081-03-24 | 80659402001 नगरपालिका चालु | सवारी साधन मर्मत | स्कारपियो मर्मत | माता मनोकामना अटो पार्टस | 77122 | राजस्व बाँडफाटको रकम नआएको |
| 2081-03-24 | 80659402001 नगरपालिका चालु | सवारी साधन मर्मत | एम्बुलेन्स | कालिका अटो टेर्डस | 97066 | राजस्व बाँडफाटको रकम नआएको |
| 2081-03-24 | 80659402001 नगरपालिका चालु | सवारी साधन मर्मत | एम्बुलेन्स | गनापुर अटो वर्क्स प्रा.लि. | 57654 | राजस्व बाँडफाटको रकम नआएको |
| 2081-03-24 | 80659402001 नगरपालिका चालु | सवारी साधन मर्मत | मिनि ट्रक्क | सिप्रद्वि ट्रेडिङ्ग प्रा.लि. | 168472 | राजस्व बाँडफाटको रकम नआएको |
| 2081-03-24 | 80659402001 नगरपालिका चालु | सवारी साधन मर्मत | जिप | गनापुर अटो वर्क्स प्रा.लि. | 220509 | राजस्व बाँडफाटको रकम नआएको |
| 2081-03-24 | 80659402001 नगरपालिका चालु | नगर अस्पतालको मसलन्द खर्च | नगर अस्पताल सञ्चालन खर्च | शहिद स्मृति नगर अस्पताल चौ न पा ११ | 166770 | राजस्व बाँडफाटको रकम नआएको |
| 2081-03-24 | 80659402001 नगरपालिका चालु | खोलागाउँ नमुना विद्यालय | संघिय सशर्त अनुदान नमुना विद्याय सञ्चालन अनुदान | हिमाल मा वि खोलागाउ | 500000 | रकम अभाव |
| 2081-03-24 | 80659402001 शर्शत चालु | गणित विज्ञान अनुदान शिक्षकहरुको गत आ.ब. को भुक्तानी बाँकि | गणित विज्ञान अनुदान शिक्षकहरुको गत आ.ब. को भुक्तानी बाँकि | विभिन्न ६ वटा विद्यालयको | 1449228 | शर्शत अनुदान रकम अपुग |

| दायित्व सृजना भएको मिति | खर्च उपशीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बांकी रकम | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|---|
| १ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| 2081-03-24 | 80659402001 नगरपालिका चालु | करार सेवा शुल्क (नगर करार शिक्षकहरुको गत आ.ब. को भुक्तानी बाँकि | करार शिक्षकको रकम भुक्तानी बाँकि | विभिन्न ३७ वटा विद्यालयको | 1765600 | राजश्व बाँडफाटको रकम नआएको |
| 2081-03-24 | विविध खर्च खाता | मैलैनाउली टाटाफलाट मनकोट सडक वडा 04 | मैलैनाउली टाटाफलाट मनकोट सडक वडा 04 कार्यसम्पन भएको भुक्तानी बाँकि | मैलैनाउली टाटाफलाट मनकोट सडक वडा 04 समिति | 1990500 | सर्डक बोर्डबाट समयमै रकम नआएको |
| 2081-03-24 | विविध खर्च खाता | लयाटा गोइरी सडक निर्माण वडा न.08 | लयाटा गोइरी सडक निर्माण वडा न.08 कार्यसम्पन्न भुक्तानी बाँकि | लयाटा गोइरी सडक निर्माण वडा न.08 समिति | 1869500 | सर्डक बोर्डबाट समयमै रकम नआएको |
| 2081-03-24 | विविध खर्च खाता | टाटा माथिसर्केना जोगिनेटा सडक स्तरउन्नती 11 | टाटा माथिसर्केना जोगिनेटा सडक स्तरउन्नती 11 सडक सम्पन्न बाकि भुक्तानी | टाटा माथिसर्केना जोगिनेटा सडक स्तरउन्नती 11 समिति | 1921500 | सर्डक बोर्डबाट समयमै रकम नआएको |
| 2081-03-24 | विविध खर्च खाता | ठारसिङ्ग मल्यासिम सडक स्तरउन्नती वडा नं.05 | ठारसिङ्ग मल्यासिम सडक स्तरउन्नती वडा नं.05 सम्पन्न | ठारसिङ्ग मल्यासिम सडक स्तरउन्नती वडा नं.05 समिति | 1563000 | सर्डक बोर्डबाट समयमै रकम नआएको |
| 2081-03-24 | नगरपालिका पूजिगत | ज्युला बाख्रा पकेट उपभोक्ता समिति | ज्युला बाख्रा पकेट उपभोक्ता कार्यसम्पन्न भुक्तानी बाँकि | ज्युला बाख्रा पकेट उपभोक्ता समिति | 156000 | |
| कुल जम्मा | | | | | 15999855 | |

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत